nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

27°C । वर्ष :११, अंक : ३४ पृष्ठ ४ । आइतबार,०५ असोज २०८२ । SUNDAY, SEPTEMBER 21, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## जेनजी आन्दोलनका सहिद परिवार र घाइते: हाम्रो रगत राजनीतिक खेलबाडमा नजाओस

***बीरगन्ज,०४ असोज ।***

जेनजी आन्दोलनका सहिद परिवार र घाइतेहरूले आफूहरूको बलिदान र रगत राजनीतिक खेलबाडमा प्रयोग नहोस् भनी चेतावनी दिएका छन् । शनिबार संवाद डबलीमा आयोजित पत्रकार सम्मेलनमा उनीहरूले आन्दोलनको उद्देश्य केवल भ्रष्टाचार, कुशासन र असमानताको अन्त्य भएको स्पष्ट पारे । अछामका घाइते अछामका आदित्य रावलले भने, “हामीले कसैलाई कुर्सीमा पुर्याउनको लागि आन्दोलन गरेका होइनौं । सरकारले सहिद परिवार र घाइतेको जीविकोपार्जनका लागि ठोस कार्ययोजना बनाउनुपर्छ ।” गुल्मीका घाइते गोकर्ण बिष्ट र हुम्लाका सुरेश ऐडीले पनि भयरहित वातावरणमा उपचार र सुरक्षा सुनिश्चित गर्न सरकारसँग आग्रह गरे । घाइते प्रकाश बिष्टकी दिदी दुर्गा बिष्टले चेतावनी दिईन्, “यदि हाम्रो रगत खेर जाने अवस्था




आयो भने हामी फेरि सडकमा निस्किन बाध्य हुनेछौं ।” जेनजी अगुवा सुप्रिया नेपालीले राजनीतिक स्थिरता, विज्ञहरुको मन्त्रिपरिषद्, समानुपातिक निर्वाचन प्रणाली, शिक्षा र स्वास्थ्यमा सुधार, तथा भ्रष्ट प्रशासकहरूको सम्पत्ति छानबिनका माग पूरा नभए आन्दोलन जारी रहने बताइन् । कार्यक्रममा जेनजी अगुवा प्रकाश रावलले २३ गतेको आन्दोलन देशको मुहार फेर्न गरिएको बताए । उनले शान्तिपूर्ण विरोध प्रदर्शनमा सरकारले गोली चलाएको आरोप लगाए र सरकारी भूमिका स्पष्ट गर्न छानबिन आवश्यक रहेको बताए । रावलले पत्यक्ष कार्यकारी निर्वाचित प्रधानमन्त्रीको चुनाव आवश्यक रहेको र सहिद तथा घाइतेको सम्पूर्ण जिम्मा राज्यले लिनुपर्ने पनि जोड दिए ।

घाइते पत्रकार प्रेमराज राईका दाइ चन्द्र ओमबुलेले घाइते पत्रकारप्रति गरिएको बेवास्ताप्रति रोष व्यक्त गरेका छन् ।

## जेनजी पर्साले गृहमन्त्री अर्याललाई भेट्यो : जेनजी युवाहरुलाई धम्क्याउनेलाई कारबाही गर्न माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ असोज ।***

वीरगन्जका युवाहरुको एक समुहले शनिबार अन्तरिम सरकारलाई ६ बुँदे मागसहितको ध्यानाकर्षणपत्र बुझाएको छ ।जेनजी आन्दोलनकारी समुह पर्साको नामक युवाहरुको समुहले शनिबार काठमाडौंमा गृहमन्त्री ओमप्रकाश अर्याललाई ध्यानाकर्षण पत्र बुझाउँदै अन्तरिम सरकारसंग ६ बुँदे माग गरेको हो ।



जेनजी आन्दोलनमा लागेका युवाहरुलाई डर धम्की दिई झुठा मुद्धा लगाएर फसाउने खोजिएको भन्दै वीरगन्जका युवाहरुले त्यस्तो डर धम्की दिनेहरुलाई कारबाहीको दायरामा ल्याउन सरकारसंग माग गरेको छ । त्यस्तै जेनजी आन्दोलनमा घुसपैठ गरेर आजगनी र लुटपाट गर्नेहरुलाई उच्चस्तरीय छानबिन समिति गठन गरि कारबाहीको दायरामा ल्याउनपनि वीरगन्जका युवाहरुले माग गरेका छन् । प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख हुनुपर्ने, राजनीतिक नियुक्तीहरु खारेज गरेर योग्यहरुलाई जिम्मेवारी दिनुपर्ने,दलगत पेशागत संगठनहरु खारेज गर्नुपर्ने,अख्तियार दुरुपयोग अनुसन्धान आयोग खारेज गरेर नागरिक आयोग गठन गर्नुपर्ने र निर्वाचन प्रणाली पूर्ण समानुपातिक हुनुपर्ने माग पनि वीरगन्जका युवाहरुलले सरकारसंग माग गरेका छन् ।

गृहमन्त्री अर्याललाई ध्यानाकर्षण पत्र बुझाउन गएको टोलीमा वीरगन्जका युवाहरु सुधिर पटेल, महादेवप्रसाद कुर्मी ,वीरेन्द्र कण्ठ,वासिम शेख,सन्जय श्रेष्ठ,शेख जमसेद,सागर यादव, मुकेश यादव लगायतकाको सहभागीता थियाो ।

## बीरगन्जको घण्टाघर फेरि पुरानै रूपमै

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ असोज ।***

बीरगन्जको ऐतिहासिक पहिचान मानिने घण्टाघर सात महिनापछि मर्मतसम्भार पूरा भई पुनः पुरानै स्वरूपमा फर्किएको छ । गत फागुन ७ गते संरचनागत कमजोरीका कारण घण्टाघरको बाल्कोनी खस्दा इँटा झरेपछि त्यसलाई घेराबार गरेर मर्मत थालिएको थियो । बीरगन्ज महानगरपालिकाको भूमि व्यवस्था तथा सहरी विकास महाशाखाका प्रमुख प्रभात झालका अनुसार धरोहरलाई मेसिन प्रयोग गरेर मर्मत गर्न सम्भव नभएकाले म्यानुअल तरिकाले काम गर्दा ढिलाइ भएको हो । “अहिले घण्टाघरको अधिकांश संरचना मर्मत भइसकेको छ र




अस्थायी घुम्टो हटाइएकाले पुरानै स्वरूपमा देखिन थालेको छ,” उनले बताए । मर्मत अवधिमा यात्रु र सवारीसाधनको सुरक्षाका लागि घण्टाघरलाई स्काफोल्डिङ र जालीले छोपिएको थियो ।

करिब २० लाख रुपैयाँभन्दा कम लागतमा सम्पन्न मर्मतपछि यो संरचना कम्तीमा १० वर्षसम्म टिकाउ हुने अपेक्षा गरिएको छ। सन् १९७९ मा जापानको योनागो सहरका विद्यार्थीहरूले एक दिनको खाजाको पैसा बचत गरी संकलन गरेको बजेटबाट बनेको घण्टाघर बीरगन्जको गौरव र पहिचानका रूपमा चिनिन्छ । मर्मतपछि फेरि पुरानो रौनक फर्किएको भन्दै स्थानीयवासी खुसी भएका छन् ।

## बीरगन्जका मेयर सिंहद्वारा पुनर्निर्माणमा जोड

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ असोज ।***

बीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले नगरको विकास र जनताको सेवामा सबै जनप्रतिनिधीहरूलाई हौंसला उच्च पार्न आग्रह गरेका छन् । शनिबार बीरगन्ज नगरसभागृहमा आयोजित महानगरपालिकाको १८औं विशेष अधिशन (विशेष नगरसभा) लाई सम्बोधन गर्दै मेयर सिंहले जनेजी आन्दोलनका क्रममा अराजक समूहबाट ध्वस्त बनाइएका सार्वजनिक सम्पत्ति र भवनहरुको पुनर्निर्माणमा आफूहरु सक्रिय रहेको बताए । मेयर सिंहले विशेष नगरसभामा उपस्थित वडाध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीहरुलाई अहिलेको विषम परि स्थितिमा सबैले एकजुट भएर नगर



विकास र सेवाग्राहीलाई आवश्यक सेवा प्रदान गर्न आफूहरू जुट्नुपर्नेमा जोड दिएका थिए । उनले भने, “तपाईंहरुको साथ र सहयोगले मलाई पनि काममा सहजता मिल्नेछ भन्ने अपेक्षा राख्दछु । अब सबैले हौंसला उच्च गरेर जनताको सेवामा लाग्नु जरुरी छ ।” त्यसैगरी, शनिबारको विशेष नगरसभाले जनेजी आन्दोलनको समयमा तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएका संरचनाहरुको पुनर्निर्माण र व्यवस्थापनका लागि चालु आर्थिक वर्षको बजेट संशोधन गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको छ ।

बाँकी तेश्रो पृष्ठमा⇨

## जेनजी सहिद परिवारलाई मधेश सरकारद्वारा २.५ लाख राहत

***जनकपुर,०४ असोज ।***

मधेश सरकारले जेनजी आन्दोलनमा सहादत प्राप्त गरेका सहिदका परिवारलाई प्रतिपरिवार २ लाख ५० हजार रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सहिदप्रति श्रद्धाञ्जली अर्पण गर्दै राहतस्वरूप उक्त रकम उपलब्ध गराउने घोषणा गरेको हो । बैठकले आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूको प्रभावकारी उपचार सुनिश्चित गर्न सम्बन्धित निकायलाई निर्देशन पनि दिएको छ । त्यस्तै, शान्तिपूर्ण आन्दोलनमा बाह्य घुसपैठका कारण भएको तोडफोड, आगजनी र क्षतिको घटनामा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउने निर्णय पनि सरकारले गरेको छ ।

मधेश प्रदेश सरकारले जेनजी आन्दोलनले उठाएका मागहरूको समाधान भने वर्तमान संविधानकै दायराभित्र खोजिने स्पष्ट पारेको छ ।

## दुर्गा पूजा सेवा समिति रानीघाटद्वारा २५ औं रक्तदान कार्यक्रम सम्पन्न

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ असोज ।***

दुर्गा पूजा सेवा समिति रानीघाटले निरन्तर परम्पराअनुसार २५ औं रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रममा ३ महिला सहित १०५ जनाले रक्तदान गरेका थिए । रक्तदाताहरूलाई प्रोत्साहनस्वरूप प्रमुख अतिथि वडा नं. ९ का वडा अध्यक्ष जवाहर प्रसाद गुप्ताले १५० थान टिसर्ट प्रदान गरेका थिए । समितिका अध्यक्ष सतिश सिंह राजपुतको अध्यक्षता र वडा अध्यक्ष गुप्ताको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी वीरगञ्ज शाखाका अध्यक्ष बृज किशोर पटेल, शाखा सदस्य दिनानाथ प्रसाद रौनियार, रक्तसञ्चार केन्द्र वीरगञ्जका प्रमुख सौरभ राज पाण्डे, रेडक्रस रेशमकोठि उपशाखाका युवा संयोजक अभिलाष गुप्ता, सल्लाहकार गोपाल रौनियार र राजु गुप्तासहित विभिन्न सामाजिक संघ-संस्थाका प्रतिनिधिहरूको उपस्थिति थियो । रक्तदानमा कुमारी सोनि पासवान, सतिश सिंह राजपुत, अशोक श्रीवास्तव, अरुण प्रसाद कुश्वाहा, रितेश सुबेदी, अब्दुल सदाम हवारी, सन्तोष कुमारलगायतको उल्लेखनीय सहभागिता रह्यो ।

अध्यक्ष सतिश सिंह राजपुतले भने, “रक्तदान जीवन बचाउने महान कार्य हो । हाम्रो समितिले यस अभियानलाई २५ वर्षदेखि निरन्तरता दिँदै आएको छ र भविष्यमा अझ प्रभावकारी बनाउन प्रतिबद्ध छौं । युवापुस्तालाई पनि यस अभियानमा सक्रिय सहभागिताका लागि आग्रह गर्दछु ।”

## मधेस प्रदेशमा पहिलो पटक पर्साबाट भूमिहीन दलित र सुकुम्बासीलाई लालपुर्जा वितरण सुरु

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,०४ असोज ।***

मधेस प्रदेशमै पहिलो पटक पर्साको भूमि समस्या समाधान आयोगले भूमिहीन दलित र सुकुम्बासीलाई जग्गाधनी प्रमाण-पूर्जा (लालपूर्जा) वितरण सुरु गरेको छ । शनिबार पर्साको सखुवा प्रसौनी गाउँपालिका-१ सथवलमा आयोजित कार्यक्रममा ३७ जना भूमिहीन दलित र ७ जना अव्यवस्थित बसोबासी गरी ४४ जनालाई लालपूर्जा प्रदान गरिएको हो । सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष जसवन्त यादव र आयोगका जिल्ला अध्यक्ष तबरेज अहमदले संयुक्त रूपमा लालपूर्जा वितरण गरेका थिए । अध्यक्ष अहमदका अनुसार दशैंलगत्तै ठोरी गाउँपालिका-४ का १ हजार १९७ जनालाई पनि लालपूर्जा वितरण गरिनेछ । पर्सामा ५ हजार १७८ जनाले लालपूर्जाका लागि आवेदन दिएका छन् । तीमध्ये शनिबार पहिलो चरणमा ४४



जनाले प्रमाण-पूर्जा पाएका हुन् । वीरगन्ज महानगरपालिका, पर्सागढी नगरपालिका, ठोरी र सखुवा प्रसौनी गाउँपालिकाबाट आवेदन संकलन गरी प्रक्रिया पूरा भएपछि वितरण सुरु गरिएको आयोगले जनाएको छ । आयोगका अध्यक्ष अहमदले भने, “मैले पद सम्हालेकै बेला पर्साका भूमिहीन र सुकुम्बासीलाई आफ्नै कार्यकालमा लालपूर्जा दिने वाचा गरेको थिएँ । आज त्यो सपना पूरा भएको छ । यो मेरो जीवनकै सबैभन्दा खुशीको क्षण हो ।”

उहाँले बाँकी ५ हजारभन्दा बढी लाभग्राहीलाई पनि छिट्टै लालपूर्जा वितरण हुने स्पष्ट पार्नुभयो । कार्यक्रम सखुवा प्रसौनी गाउँपालिका अध्यक्ष जसवन्त यादवको अध्यक्षता र आयोग अध्यक्ष तबरेज अहमदको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा वडा अध्यक्ष बासुदेव महत्तो थारु, आयोगका विज्ञ सदस्य सन्तोष पासवानलगायतको उपस्थिति थियो ।

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## सुरक्षित संवैधानिक मार्गचित्र

एक दशकअघि २०७२ सालमा आजकै दिन संविधान सभाले कठिन परिस्थितिमा संविधान जारी गरी देशलाई अनिश्चयको भुमरीबाट बाहिर ल्यायो । नेपालको संवैधानिक विकासको यात्रा आठ दशकको छ । विसं २००४ सालमा नेपाल सरकारको वैधानिक कानुन पहिलो संवैधानिक विधि थियो । त्यसअघि मुलुकी ऐन, १९१० ले सामान्य विधि दिए पनि त्यो मूल कानुन थिएन । राणाकालको अन्त्यतिर नेपाल सरकारको वैधानिक कानुन जारी त भयो तर कार्यान्वयनमा आएन । सात सालको क्रान्तिले १०४ बर्से जहानियाँ राणाशासन अन्त्य गरेसँगै अन्तरिम संविधान दियो । जननिर्वाचित विधायिकाले संविधान जारी गर्ने २००७ सालको परिवर्तनको मर्म र अठोट भए पनि पूरा हुन सकेन । बरु २०१५ सालमा तत्कालीन राजाले दिएको संविधान अनुरूप पहिलो निर्वाचन भयो । लोकतान्त्रिक पद्धति अनुरूप निर्वाचित सरकार बने पनि १८ महिनामै देशमा बलात निरङ्कुशतन्त्र लादियो । फलतः २०१९ सालमा निरङ्कुश पञ्चायत प्रवर्धन गर्ने संविधान आयो । त्यसको अवसान नेपाली जनताको २०४६ सालको जनआन्दोलनले गऱ्यो । राजा र जनतासँगै अगाडि बढ्ने २०४७ को संविधान पनि लामो समय टिकेन । जनताको शासन समाप्त गर्ने १९ माघ २०६१ को राजाको कदमले देश गणतन्त्रमा पुग्यो । फलस्वरूप २०६३ सालमा संविधान सभा निर्वाचन गर्ने मार्गनिर्देशसहित अन्तरिम संविधान आयो । संविधान सभाको दोस्रो प्रयासमा २०७२ असोजमा आएको वर्तमान संविधान नेपाली जनताको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको भाग्य र भविष्य हो । यसलाई परिवर्तित जनचाहना अनुरूप निरन्तर सुधार गर्दै जानुमै जनअधिकारमा आधारित मुलुकी भविष्य सुनिश्चित छ । अघिल्लो महिनाको अन्त्यमा नवपुस्ता अर्थात् जेनजीको आन्दोलनको फलस्वरूप देशमा नयाँ अन्तरिम सरकार बनेको छ । नवपुस्ताले भ्रष्टाचार अन्त्य, सुशासन प्रवर्धन, स्थिर सरकार, बेरोजगारी अन्त्य जस्ता उठाएका माग जायज हुन् । समग्र मुलुककै चाहना हो । ट्रान्सपरेन्सी इन्टरनेसनलको सन् २०२५ का निष्कर्ष अनुसार नेपाल विश्वमै भ्रष्टाचारको सूचीमा १०७ औँ मा पर्छ । कानुनको शासनमा ६९ औँ स्थानमा पर्छ । संसार अहिले डिजिटल सुशासनमा अग्रसर छ तर नेपाल भने अहिले पनि विद्युतीय सुशासनको अवस्थामा ११९ औँ स्थानले पछाडि छ । मानव विकास सूचकाङ्कमा त १४६ स्थानले पछाडि छ । समृद्धिको अवस्थामा झन् ११० औँ स्थानले पछौटे छ । समग्र सुशासनमा ९२ औँ स्थानलगायतले परिवर्तनको बाध्यतालाई प्रतिविम्बित गरेको छ । संविधानपछिको एक दशकमा सत्तामा पुगेका दल र नेताले लक्ष्य अनुरूप सुशासन र समृद्धि दिन सकेनन् । जनचाहना र खास गरी नवयुवा पुस्ताले देशमै बसेर मुलुक समृद्ध बनाउने चाहनालाई नेतृत्व बुझ्न सकेनन् । पालैपालो सत्ता ओगट्ने पाकापुस्ता तपसिलको इतिहासमा मात्र बढी रमायो । राजनीति इतिहासको सम्मान, वर्तमानको गतिशीलता र भविष्यको सुस्पष्ट मार्गचित्र मात्र जीवन्त हुन सक्ने विधा हो । यो नबुझ्दा आन्दोलन अपरिहार्य बन्न गयो । युवापुस्ताले परिवर्तन सम्भव गराएको छ । देश चलाउँछु भन्ने सबैले अब नसुध्रिए सकिनुको विकल्प छैन । संविधान विधिको बाटो हो । यसमा जडता मान्य छैन । वर्तमान संविधानका धेरै आयाम अब्बल भए पनि यो बोझिलो भएको सर्वत्र समीक्षा धेरैअघिदेखि हुँदै आएकै हो । राज्यका तमाम संरचना जनताको करबाट चल्ने हुँदा अनावश्यक बोझिलो संरचना अमान्य छ । जनसेवा गर्न सक्ने चुस्त, सहज र सरल राज्य संरचना आवश्यक छ । सूचना प्रविधिमा राज्य संरचना बनाउनु पर्छ । लगानी, रोजगारी, आय, उत्पादन बढाउँदै अर्थतन्त्रका तमाम आयाम फराकिलो बनाउन सक्ने सुशासनको आधार सिर्जना गर्न सक्नु पर्छ । त्यसका निम्ति संविधान संशोधन वाञ्छनीय छ । एक वर्षअघि संविधान संशोधनलाई मूल कार्यसूची बनाएर सत्तामा पुगेका दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले मूल कार्यसूची बिर्सिंदा असन्तुष्टि बढ्नु स्वाभाविक थियो । संविधानको मर्म र भावना अनुरूप गठित वर्तमान सरकारको अर्जुनदृष्टि अब प्रतिनिधि सभाको निर्वाचनमा केन्द्रित भएको छ । मौजुदा संविधानलाई नवपुस्तालगायत समग्र देशीय चाहना अनुसार संशोधन गर्ने जनादेश लिने गरी अब अगाडि बढ्नु पर्छ । सङ्घ, प्रदेश र स्थानीय संरचनाको मिहिन विश्लेषण गरी चुस्त बनाउने, सुशासन प्रवर्धन गर्ने, भ्रष्टाचार अन्त्य गर्नेलगायतका जेनजी विद्रोहका मूल कार्यसूचीमा घोषणापत्र केन्द्रित गरी निर्वाचनमा जानु पर्छ ।

# संविधान जीवित दस्तावेज बनोस्

**सुरज गिरी 'आभास'**




राज्यको स्वरूप, शासन प्रणाली, नागरिकका अधिकार र कर्तव्यलाई परिभाषित गर्ने कानुनी दस्तावेजलाई संविधान भनिन्छ । संविधान नै राष्ट्रको आधारशिला हो, जसको आधारमा देश सञ्चालन हुन्छ र नागरिकको पहिचान सुरक्षित रहन्छ । 'नेपालको संविधान २०७२' हाम्रो आधारशिला हो । जसको जगमा हाम्रो राष्ट्रियता, स्वाधीनता र भौगोलिक अखण्डता विद्यमान रहिआएको छ । नेपालको संविधान कुनै एक दिनको उपज होइन, जुन दशकौं लामो संघर्ष, जनआन्दोलन र जनताको बलिदानको परिणाम हो । २००७ सालको प्रजातन्त्रको सपना, २०४६ सालको आन्दोलनको उपलब्धि, २०६२-६३ को जनआन्दोलनको बलिदान र नेपाली जनताको साझा आकांक्षाले २०७२ सालमा हामीले यो संविधान पाएका हौं । जसलाई आज हामी केवल कानुनी ग्रन्थको रूपमा मात्र होइन, हाम्रो देशको सामूहिक इतिहास, साझा विश्वास र भविष्यको नक्सा भनेर बुझ्छौं ।

पुर्खाको योगदान र बलिदानको कदर गर्दै मेरो दृष्टिमा यो संविधान पुरानो पुस्ताको संघर्षको उपज र नयाँ पुस्ताको भविष्यको आधार हो । समयको मागअनुसार परिवर्तन र पुनर्लेखनका लागि हाम्रो पुस्ता सदैव तम्तयार छ । विगतका बलिदान, वर्तमानको सपना र भविष्यको अवसरलाई यही संविधानको जगमा स्थापित गर्न सबैले सहकार्य गर्न आवश्यक छ। जसले पुराना पुस्ताप्रति कृतज्ञता, वर्तमानका कर्मशील युवाहरूमा उत्प्रेरणा र भविष्यका कर्णधारहरूमा विश्वासको वातावरण जागरण गर्नेछ । संविधान- राष्ट्रिय गौरव र जेन-जी पुस्ताको दृष्टि : जात, धर्म, भाषा, संस्कृति, वर्ग वा क्षेत्रको आधारमा कसैलाई पनि भेदभाव नगरी सम्पूर्ण समुदायलाई एउटै धागोमा बाँध्ने काम गरेको नेपालको संविधानले सबै नेपालीलाई राष्ट्रिय गौरवको अनुभूति गराउँछ । यस संविधानले मौलिक हक, समानता र न्यायको व्यवस्था गर्दै, प्रत्येक नागरिकलाई सम्मानका साथ बाँच्ने आधार दिएको छ । हरेक नागरिकलाई स्वतन्त्र, सुरक्षित र अवसरपूर्ण बनाउन मौलिक हकका रूपमा शिक्षा, स्वास्थ्य, समानता, स्वतन्त्रता र रोजगारीजस्ता अधिकारको सुनिश्चितता गरेको छ संविधानले । जसको रक्षा गर्दै नागरिकका कर्तव्यहरू पालनामा जेन-जी पुस्ताले ध्यान दिन आवश्यक छ । हाम्रो पुस्ता 'जेन-जी' एक ठूलो विद्रोहबाट अब परिवर्तनको यात्रामा बामे सर्ने क्रममा छ, यस अवस्थामा हामीलाई संविधान र देशको मूल अस्तित्वलाई नै हानी हुने किसिमका गतिविधि सञ्चालन गर्न उक्साउन सकिने सम्भावना छ । जसका बाबजुद संविधान र कानुनको सम्मान गर्ने, राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षा गर्ने, सामाजिक सद्भाव र सहिष्णुतामा योगदान दिने, वातावरण र सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, कर तिर्ने र जिम्मेवार नागरिक बन्ने यात्रामा अब हामी एकीकृत भई अगाडि बढ्नुको अर्को विकल्प छैन । त्यसैले मौलिक हकको प्रयोग गर्दै आत्मविश्वास र अवसरलाई पहिचान गर्ने साथै कर्तव्य पालना गरी जिम्मेवारी र योगदान दिन कटिबद्ध रहन सकेमा बल्ल संविधानको वास्तविक मर्मले पूर्णता पाउनेछ । केही दिनअघिको जेन–जी आन्दोलनले युवा पुस्ताको चेतना, असन्तोष र साहसलाई स्पष्ट रूपमा व्यक्त गरेको छ ।

आन्दोलनका क्रममा संविधानमाथि प्रश्न उठाइए पनि हामीले समाधान संविधानभित्रैबाट खोजेका छौं, संविधानको रक्षा गर्दै आवश्यक परेमा सुधारमार्फत अझ सशक्त बनाएर अपेक्षित परिवर्तन ल्याउने संकल्प लिएका छौं । त्यसैले जेन–जी पुस्ताको विद्रोहलाई संविधानसँगै जोडेर हेर्दा यो विद्रोह अस्वीकार होइन, संविधानलाई अझ व्यावहारिक, समावेशी र जीवन्त बनाउन गरिएको चेतनाको जागरण हो । नेपालको संविधान हाम्रो आत्मविश्वास हो, यसलाई व्यवहारमा उतार्ने जिम्मेवारी हाम्रो कर्तव्य हो । जेन-जी पुस्ताले संविधानलाई अस्वीकार होइन, आत्मसात् गर्ने र आवश्यक परे सुधारमार्फत अझ सशक्त बनाउने दृष्टि राख्छौं । हालसम्म संविधानलाई केवल कागजमा सीमित राखिएको छ, यसको मर्मलाई कुण्ठित गर्ने प्रयास भएका छन् ।

अबका दिनमा संविधानलाई हरेक नागरिकको दैनिक जीवन, समाज र राष्ट्रको व्यवहारमा उतार्न दृढ विश्वास र संकल्प लिन आवश्यक छ । संघीयता र विकेन्द्रीकरणले युवालाई स्थानीय तहमै नेतृत्व र नीति निर्माणमा सहभागी हुने अवसर दिएको छ । लोकतन्त्रको अभ्यास र सहअस्तित्वको भावना संविधानकै उपज हो, जसले विविधतालाई आत्मसात् गर्दै राष्ट्रिय एकतालाई मजबुत बनाउन अतुलनीय योगदान दिन सक्नेछ । अन्त्यमा, हाम्रो पुस्ताको दृष्टिमा संविधान आलोचनाको विषय होइन, सुधार र अभ्यासको विषय हो । संविधान 'जीवित दस्तावेज' हो । जसलाई समयअनुसार परिमार्जन गर्न सकिन्छ ।

# भ्रष्टाचाररहित राष्ट्र होस्



**रक्षा बम**

जे भयो, नसोचेकै कुराहरू भएका हुन् । यो सबै कुरा नयाँ हो । हामी सडकमा जाने दुईवटा बटमलाइन मागहरू थिए । सामाजिक सञ्जाल खोल्नु र भ्रष्टाचाररहित राष्ट्रको मागहरू थियो । तर, आन्दोलनको क्रममा अवस्था कसरी नियन्त्रण भन्दा बाहिर गयो? र, हामी यो अवस्थामा आइपुग्यौं? त्यसैले हामीले नसोचेको कुरा भयो । लाग्छ, आन्दोलनपछि जुन अन्तरिम सरकार बनेको छ, अबको बाटो यो आन्दोलनको एउटा उपलब्धि हो, वैकल्पिक बाटो हो। हाम्रो प्रतिनिधित्व नगर्ने सदन, सांसद्हरू चाहिँदैन, अब हामीलाई तिनै पुराना अनुहार चाहिँदैनन् भनेर सांकेतिक रूपमा संसद् भवनलाई कब्जा गरेका हौं । अन्तरिम सरकारको म्यान्डेटअनुसार यसले ६ महिनाभित्र चुनाव गराउनुपर्छ। चुनावमै सरकारले बढी फोकस गरेको राम्रो हो। अब चुनावी प्रक्रियामार्फत इच्छुक तर सक्षम व्यक्तिहरू चुनावबाट आउनुपर्छ । युवा पुस्ताको नयाँ संसद् बनेर देश फेरि तीव्र गतिमा विकास हुनुपर्छ । आन्दोलनपछि हामीले वार्ता गर्ने बेलामा पनि संविधानलाई नै सर्वोच्च ठानेर आफ्ना कुराहरू अगाडि राखेका थियौं । हामीले संविधान जोगाउनु पर्छ, लोकतन्त्र जोगाउनु पर्छ भनेर नेपाल आर्मीका चिफले सहजीकरण गरेता पनि हामी औपचारिक वार्ता राष्ट्रपतिसँगै गर्नेछौं भनेर उहाँसँग कुरा राख्दा 'हुन्छ, म त्यो वातावरण मिलाउँछु' भन्नु भएको थियो । संविधानलाई नै सर्वोच्च मानेर सरकार गठनको काम गरेका हौं । हामी हाम्रो संविधान र लोकतन्त्रप्रति अत्यन्तै सचेत छौं ।

संविधानमा सुधार गर्नुपर्ने पक्षमा त्यति बोल्न सक्ने अवस्थामा छैन । यसका बारेमा धेरै ज्ञान पनि छैन । संविधानका राम्रो पक्ष के हुन् भने लोकतान्त्रिक पद्धतिबाट जनताद्वारा निर्मित यो संविधान विभिन्न आन्दोलनबाट सिर्जित यो संविधान देश र जनताका लागि राम्रो छ ।

देशको सर्वोच्चता कायम राख्ने कानुन हो, यसका धेरै राम्रा पक्ष छन् । संघीयताको कुरादेखि समावेशिताको कुरा र जवाफदेहिताका कुराहरू संविधानमा धेरै छन् । तर संविधानलाई लिएर के गाह्रो परिरहेको छ भने यसका कानुनहरू उदारवादी भए पनि यसको कार्यान्वयनमा जहिल्यै हामीले केही न केही समस्या भोगिरहेका छौं ।

लाग्छ, कार्यान्वयनको कुरामा हामी चुकिरहेका छौं । हाम्रो संविधान जस्तो 'लिबरल' र 'प्रोगेसिभ' छ । अन्य देशको तुलनामा धेरै उत्तम र विशिष्ट छ । संविधानभित्रका ऐन, कानुन र नियमावलीका विषय कार्यान्वयनमा लैजान केही काम गर्नुपर्ने देख्छु । तर पनि संविधानलाई टेकेर जाने हो भने अहिलेको अवस्थामा त्यो सम्भव देखिँदैन । किनकि अहिलेको अवस्थामा अन्तरिम सरकारको आफ्नै म्यान्डेट छ । म्यान्डेट अनुसारै काम गर्छ यो सरकारले । यदि निर्वाचन प्रणाली नै फेर्ने हो भने पनि अबको पाँच वर्ष नयाँ बन्ने संसद्ले निर्णय गर्ने हो । हामीले यतिबेला यसको विकल्प खोजेकै होइन । हामीले यो व्यवस्था चलाइरहेकाहरूको विकल्प खोजेका हौं । त्यो पाएका छौं । विकल्प खोज्दाखेरी पक्कै पनि यो व्यवस्थामा हाम्रा होइन, राम्रा र सक्षम मान्छे आउन् भन्ने चाहेका हौं । देशका लागि केही गर्छु साथै भ्रष्टाचार नगर्ने खालका मान्छेहरू आउनुपऱ्यो जो जवाफदेही पनि होस् । यसो भयो भने केही हदसम्म हामीले सोचेको अनुसारले देश अगाडि बढ्नेछ ।

संविधानलाई नै सर्वोच्च ठानेर अगाडि बढ्दा केही कुरा आउलान् । प्रदेश संरचना चाहिँदैन, संघीयता चाहिँदैन भन्लान् । तर जेन-जी आन्दोलनको बटमलाइन संघीयता चाहिँदैन भन्ने होइन । व्यक्तिगत रूपमा कसैले भन्ने कुरा फरक होला । हामी जुन कुराको बलियो ढंगले वकालत गरिरहेका छौं, त्यो संघीयता नै हो, त्यो लोकतन्त्र नै हो । थुप्रै आवाज उठे पनि सबैको आवाजलाई एक बनाएर अगाडि बढ्ने हो यो बेलामा । किनकि संघीयता छुनेबित्तिकै अर्को समुदायको भावनामा चोट पुगिहाल्छ ।

संविधानसभाबाट आएको संविधान सानो दुःखले आएको होइन । यो संघीयता पनि सानो दुःखले आएको होइन । यत्तिकै चलाउन त कहाँ मिल्छ र ? हामीमध्ये कसैले प्रदेश चाहिँदैन, संघीयता चाहिँदैन भन्दैमा यो खारेज हुने पनि होइन । पुराना दलका नेताहरूलाई निषेध गर्नु पनि लोकतान्त्रिक पद्धतिले दिँदैन । लोकतन्त्रमा निषेध भन्ने कुरा हुँदैन । के गर्न सक्छौं भने पुराना दलबाट आउने नेतृत्वलाई प्रतिस्पर्धात्मक चुनौती दिने नेतृत्व युवा पुस्ताबाट खडा गर्नुपर्छ ।

अब पनि नेता पुराना भए भनेर मात्रै पनि भएन । जनता पनि सचेत हुन एकदमै आवश्यक छ । किनभने सधैंभरि नेतालाई गाली गरेर मात्रै पनि केही हुनेवाला छैन । मतदाताहरू समेत सचेत भएर अगाडि बढेमात्र यो आन्दोलन सफल हुनेछ । हामीले प्रतिस्पर्धी वातावरण बनाउन काम गर्न थाल्नुपर्छ, सचेतना बढाउनुपर्छ ताकि एउटा माहोल बनोस् । सबैले निष्पक्ष ढंगले चुनावमा लड्न पाऊन् ।

# अन्तर्राष्ट्रिय समाचार

## गाजा सहरमा आक्रमण जारी, महिला र बालबालिका संकटमा



***काठमाडौं,०४ असोज ।***

गाजा सहरमा जारी आक्रमणका कारण हजारौं नागरिकहरू आफ्नो ज्यान जोगाउन विभिन्न उपायबाट सुरक्षित स्थानतर्फ जाँदै गरेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ । संयुक्त राष्ट्रसङ्घको मानवीय सहायता समन्वय कार्यालय (ओछ्या) का अनुसार, यतिबेला गाजामा भइरहेका स्थल र हवाई आक्रमणका कारण धेरैजसो नागरिक गम्भीर संकटमा परेका छन् । बालबालिका, वृद्ध, महिला लगायत सबैले कठिन परिस्थितिको सामना गरिरहेका छन् । ओछ्याले दिएको जानकारी अनुसार, आक्रमणसँगै गाजाको दक्षिण भागतर्फ विस्थापित हुने नागरिकहरूको संख्या तीव्र रूपमा बढिरहेको छ । धेरैजसो मानिसहरू गाडी, टेम्पो, साइकल र पैदल नै यात्रा गर्दै सुरक्षित ठाउँ खोजिरहेका छन् । यस्ता यात्रामा उनीहरूलाई न त पिउने पानी, न त खानपिनको व्यवस्था, न त ओत लाग्ने ठाउँ उपलब्ध छ । 'हामीका सहकर्मीहरूले रातभरि हिँडेर आइपुगेका थकित, भोकाएका र पीडामा परेका नागरिकहरू देखेका छन्,' ओछ्याले उल्लेख गरेको छ । 'अल-राशिद सडकमा गाडी, टेम्पो र पैदलयात्रीहरूको अत्यधिक चाप छ । सबैजना सम्भावित जोखिमबाट बच्न दक्षिणतर्फ गइरहेका छन् ।' यद्यपि इजरायली पक्षले सलाह अद-दिन सडक प्रयोग गर्न आग्रह गरेको थियो, सो सडक हाल सवारीसाधनका लागि चलायमान नरहेको जानकारी प्राप्त भएको छ । अल-राशिद सडक नै अहिले खुला मार्गको रूपमा प्रयोग भइरहेको छ । खान युनिस क्षेत्रमा ओछ्या नेतृत्वको टोलीले विस्थापित परिवारहरूको अवस्था बुझ्दा उनीहरूलाई आपतकालीन आश्रय, पोषणयुक्त खाना, सफा पिउने पानी र औषधोपचारको खाँचो देखिएको छ । गाजामा पुग्ने राहत सामग्री अहिले पनि आवश्यक मात्राभन्दा निकै कम छ । संयुक्त राष्ट्र बालकोष (युनिसेफ) ले गम्भीर चिन्ता व्यक्त गर्दै बिहीबार गाजा सहरमा कुपोषित बालबालिकाका लागि ल्याइएको विशेष पोषण सामग्री लुटिएको थियो । ती सामग्रीले झन्डै दुई हजार ७०० बालबालिकालाई उपचारमा सहयोग पुग्थ्यो । युनिसेफले यस्तो दुर्भाग्यपूर्ण घटनाबाट गम्भीर पीडा भएको जनाउँदै, दीर्घकालीन युद्धविराम अत्यावश्यक भएको स्पष्ट पारेको छ । ओछ्याले थप जानकारी दिँदै उत्तरतर्फ पुग्ने एकमात्र मार्ग 'जिकिम नाका' बन्द रहेको भनेको छ । गाजा सहरमा इन्धन पुर्‍याउने प्रयास अनुमति नपाएर रोकिएको थियो भने पछि बाटोमा अत्यधिक भीडका कारण सहयोग पुर्‍याउने गाडीहरू निर्धारित स्थानमा पुग्न सकेनन् ।

संयुक्त राष्ट्रसङ्घले सबै पक्षलाई आह्वान गर्दैसर्वसाधारण नागरिकहरूलाई सुरक्षित रूपमा विस्थापित हुन दिनुपर्ने भनेको छ र अवस्था सामान्य भएपछि उनीहरूलाई पुनः आफ्ना घर फर्कन पाउने अधिकार सुनिश्चित गर्नुपर्छ ।

## रुसी आक्रमणमा तीन जनाको मृत्यु, १३ जना घाइते



***काठमाडौं,०४ असोज ।***

युक्रेनका अधिकारीहरूले जानकारी दिएअनुसार, डनिप्रोपेत्रोभस्क क्षेत्रमा रुसी सेनाको रातभरको हवाई आक्रमणमा तीन जनाको मृत्यु भएको छ भने १३ जना घाइते भएका छन् । तीमध्ये एक जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । क्षेत्रीय सैनिक प्रशासनका प्रमुख सेर्गी लिसाकले बताएअनुसार, रूसले ड्रोन र क्षेप्यास्त्र प्रयोग गरी आवासीय क्षेत्रहरूमा आक्रमण गरेको थियो, जसबाट भवनहरूमा क्षति पुगेको छ र आगलागीसमेत भएको छ । युक्रेनभर हवाई आक्रमणको सतर्कता जारी गरिएको छ । राजधानी किभ वरपरका क्षेत्रमा पनि आक्रमण भएको छ । किभ क्षेत्रीय सैनिक प्रशासन प्रमुख मिकोला कालाशनिकले भने , 'सत्रु पक्षले आत्मघाती ड्रोन र क्षेप्यास्त्र प्रयोग गरी शान्तिपूर्ण बस्तीहरूलाई निशाना बनाएको छ ।' त्यसैगरी, दक्षिण युक्रेनको सहर माइकोलाइभमा पनि यस्तै प्रकारको हमला भएको भए पनि मानवीय क्षति नभएको जानकारी नगरप्रमुखले दिए । रुसी अधिकारीहरूले भने, युक्रेनी सेनाले भोल्गोग्राद र रोस्तोभ क्षेत्रमा 'ठूलो स्तरको हमला' प्रयास गरेको तर त्यसलाई सफलतापूर्वक रोकिएको दाबी गरेका छन् । साथै, साराटोभ क्षेत्रमा एक जना सामान्य रूपमा घाइते भएको जानकारी दिएका छन् ।

## ट्रम्पको दबाबपछि सरकारी वकिलले दिए राजीनामा

***काठमाडौं,०४ असोज ।***

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दबाबपछि एक सरकारी वकिलले पदबाट राजीनामा दिएका छन् । न्यूयोर्कस्थित अभियोजक एरिक सेइबर्टले शुक्रबार राजीनामा दिएका हुन् । उनले ह्वाइट हाउसका राजनीतिक प्रतिद्वन्द्वीविरुद्धको आरोपमा भइरहेको अनुसन्धानमा संलग्न रहँदा राष्ट्रपति ट्रम्पको निरन्तर दबाब झेल्नु परेको बताइएको छ । ट्रम्प प्रशासनले न्यूयोर्ककी महान्यायाधिवक्ता लेटिसिया जेम्सले 'धितो सम्झौतासम्बन्धी रेकर्डहरू झूटा गरेको' आरोप लगाएको थियो । तर, यस विषयमा आपराधिक अभियोग दायर हुन सकेन । सेइबर्टले सो आरोपप्रति प्रारम्भदेखि नै शंका व्यक्त गर्दै आएका थिए ।

यही क्रममा शुक्रबार ट्रम्पले एरिक सेइबर्टबारे विज्ञप्ति जारी गरेका थिए । उक्त विज्ञप्ति सार्वजनिक भएको केही समयमै सेइबर्टले आफ्ना सहकर्मीलाई राजीनामाको जानकारी गराएका थिए । पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले भनेका थिए, 'म उनलाई (एरिक) बाहिर निकाल्न चाहन्छु ।' डेमोक्र्याट नेतृ लेटिसिया जेम्सले भने आफूविरुद्धको आरोपलाई निराधार र बदला प्रेरित भन्दै खण्डन गरेकी छन् । उनले २०२३ मा ट्रम्पविरुद्ध ठगी मुद्दा जितेकी थिइन् ।

### बीरगन्जका मेयर...........

महानगर प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णका अनुसार, मेयर सिंहद्वारा प्रस्तुत पुनर्निर्माण सम्बन्धी प्रस्ताव नगरसभामा पारित भई अब कार्यान्वयनको तयारीमा रहेको छ । यसले बीरगन्ज महानगरलाई नयाँ रूप दिन र विकासमा थप गतिशीलता ल्याउने अपेक्षा गरिएको छ । मेयर सिंहले सबै सरोकारवालाहरुलाई सहयोग र समन्वय गर्न समेत अनुरोध गरेका छन् ।

### एसपी गौतम...............

केन्द्रका अध्यक्ष जयप्रकाश खेतानसहित पदाधिकारीहरूले मिश्रलाई खादा र मायाको चिनो अर्पण गर्दै सम्मान गरेका थिए । उपस्थित वक्ताहरूले मिश्रले आफ्नो कार्यकालमा अपराध नियन्त्रण, सुरक्षा व्यवस्थापन र सामुदायिक प्रहरी अवधारणा प्रवर्द्धनमा पुर्‍याएको योगदानको प्रशंसा गरे ।

अध्यक्ष खेतानले भने, "गौतम मिश्रजस्तो इमानदार र जनमित्र प्रहरी प्रमुखले पर्सामा काम गर्दा यहाँको सुरक्षात्मक वातावरण थप मजबुत भएको छ । उहाँको योगदानलाई हामी सदैव सम्झनेछौं ।" कार्यक्रममा पत्रकार, समाजसेवी, स्थानीयवासीसहित रुङटा वेल्फेयर सोसाइटी वीरगञ्जका अध्यक्ष सुरेश रुङ्टा विशेष अतिथि रहेका थिए । सहभागीहरूले सबैले मिश्रलाई आगामी कार्यक्षेत्रमा सफलताको शुभकामना दिए ।

### बीरगन्ज महानग.......

खर्च हुने महानगरले जनाएको छ ।विशेष नगरसभाले आन्दोलनका क्रममा काठमाडौंमा प्रहरीको गोली लागी सहादत प्राप्त गरेका वीरगञ्ज-१२ का असहाब आलमको परिवारलाई पाँच लाख रुपैयाँ सहयोग गर्ने निर्णय पनि गरेको छ । महानगरले यस निर्णयमार्फत नगर पुनःनिर्माण, प्रतिबद्धता जनाएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

## डा. सीके राउतबाट अलग नेताहरूले गठन गरे "जनस्वराज" पार्टी



***काठमाडौं,०४ असोज ।***

अध्यक्ष रहेको जनमत पार्टीबाट कारबाहीमा परेका र अलग भएका नेताहरूले आज (शनिबार) नयाँ पार्टी घोषणा गरेका छन् । नयाँ पार्टीको नाम जनस्वराज पार्टी राखिएको छ र यसको अध्यक्ष डा. सञ्जयकुमार साहलाई नियुक्त गरिएको छ । पार्टी सञ्चालन सामूहिक नेतृत्वको अवधारणामा हुनेछ र पार्टीमा कुनै एकल अध्यक्षको सत्तामा निर्भरता नहुने व्यवस्था गरिएको छ । पार्टी गठनसँगै तीन विभाग पनि बनाइएको छ राजनीतिक संगठन विभागमा दीपक साह, आर्थिक विभागमा सुरेन्द्रनारायण यादव, र प्रशिक्षण विभागमा डा. सञ्जयकुमार साह जिम्मेवारी सम्हाल्ने भएका छन् ।नेता दीपक साहका अनुसार, पार्टीमा व्यक्तिवाद नभई सामूहिक सहभागिता, राजनीति नभई सेवा, पद नभई जिम्मेवारी र जवाफदेहिता, विभाजन नभई एकता र समानता सुनिश्चित गर्ने प्रतिबद्धता लिइएको छ । जनस्वराज पार्टीले पूर्ण समानुपातिक निर्वाचन प्रणाली, भ्रष्टाचारमुक्त, पारदर्शी र जवाफदेही राजनीतिक संरचना स्थापना गर्ने, स्थानीय स्वायत्तता सुनिश्चित गर्ने र प्रत्यक्ष सहभागी कार्यकारी राष्ट्रपति प्रणालीको समर्थन गर्ने उद्देश्य तय गरेको छ । पछिल्ला घटनामा जनमत पार्टीका उपाध्यक्ष अब्दुल खानको नेतृत्वमा केही नेताले विद्रोह गरे पनि उनीहरू नयाँ पार्टीमा अझै सामेल नभएका भए पनि निरन्तर संवाद भइरहेको पार्टीले जनाएको छ ।

# स्वास्थ्य

## गर्भावस्थामा शारीरिक सम्बन्ध कति सुरक्षित ?



गर्भावस्थामा दम्पतीले शारीरिक सम्बन्ध बनाउन हुन्छ ? यसले गर्भको बच्चामा कुनै हानि पो गर्छ कि ? यो आम जिज्ञासा हो । गर्भावस्थामा महिलालाई कुनै पनि जटिल समस्या छैन भने दम्पतीले शारीरिक सम्बन्ध बनाउन मिल्छ । तर यदि गर्भावस्थाको बेलामा रक्तस्राव भइरहेको छ, साल तल बसेको छ, पहिलो बच्चा समय अगावै जन्मिएको छ भने शारीरिक सम्बन्ध नराख्नु नै उचित हुन्छ । गर्भवती भएको ९ महिनासम्म महिलाको इच्छा छ भने जुनसुकै समयमा पनि सम्बन्ध राख्न सकिन्छ । यदि सम्पर्क राख्दा महिलालाई अत्यधिक पेट दुख्ने, यौनांग चिलाउने वा उसलाई इच्छा छैन भने चाहिं सम्बन्ध नराख्नु नै उचित हुन्छ । **गर्भको बच्चालाई असर पर्दैन** गर्भवती महिलालाई कुनै पनि समस्या छैन भने गर्भावस्थामा शारीरिक सम्बन्ध बनाउँदा गर्भको बच्चामा पनि कुनै असर हुँदैन । गर्भावस्थाको बेलामा अल्ट्रासाउन्ड गराउँदा बच्चा तथा आमाको स्वास्थ्यमा कुनै समस्या छैन भने सम्बन्ध राख्दा बच्चामा कुनै असर गर्दैन । **गर्भावस्थाको कुन महिना जटिल ?** पहिलो तीन महिना र अन्तिम तीन महिना यौन सम्बन्ध बनाउन हुँदैन भनेर पनि हामीले सुन्छौं । तर त्यसको कुनै पनि वैज्ञानिक आधार छैन । यदि गर्भवती महिलाको स्वास्थ्यमा कुनै पनि समस्या छैन भने र उनमा यौन इच्छा छ भने आठौं, नवौं महिनामा शारीरिक सम्बन्ध रह्यो भने त्यसको कुनै पनि असर हुँदैन । कहिलेकाहीं श्रीमानको वीर्यमा संक्रमण भइरहेको छ भने श्रीमतीलाई पनि संक्रमण सर्छ कि भन्ने जोखिम हुन्छ । तर श्रीमान् एकदमै स्वस्थ छन् भने सम्बन्ध राख्दा आमा बच्चा दुवैलाई केही पनि असर गर्दैन । **यौन सम्बन्ध बनाउँदा यौन स्वास्थ्यमा असर** गर्भावस्थामा शारीरिक सम्बन्ध बनाउँदा प्रजनन् स्वास्थ्यमा कुनै पनि असर गर्दैन । यो बेला यौन सम्बन्ध राख्दा परिवार नियोजनको केही साधन पनि प्रयोग गर्नु पर्दैन । अनिश्चित गर्भ रहन्छ कि भन्ने चिन्ता पनि भएन । यो बेला झन् चिन्तामुक्त भएर सम्बन्ध बनाउन सकिन्छ । **गर्भावस्थामा कस्तो यौन आसन ?** शारीरिक सम्बन्धको क्रममा विभिन्न आसन प्रयोग गर्न सक्छन् । जस्तो आसन प्रयोग गरे पनि गर्भवती महिलालाई अप्ठ्यारो नहुने खालको अपनाउनुपर्छ । श्रीमतीलाई कुन आसनमा सहज हुन्छ त्यो आसन अपनाउनु उपयुक्त हुन्छ । **सुत्केरीपछि शारीरिक सम्बन्ध** सुत्केरी भएको ६ हप्तासम्म शारीरिक सम्बन्ध बनाउनु हुँदैन । डेलिभरीको बेलामा पाठेघर ठूलो भएको हुन्छ ।

पाठेघरलाई आफ्नो अवस्थामा फर्किन र घाउ निको हुन समय लाग्ने तथा संक्रमण हुने सम्भावना धेरै हुन्छ । त्यसैले सुत्केरी भएको ६ हप्तापछि मात्र शारीरिक सम्बन्ध बनाउन मिल्छ । सुत्केरी भएपछि महिलाको पाठेघर ठूलो हुने, रगत बग्ने, प्रजनन् अंगमा घाउ हुने भएकाले त्यसमा संक्रमण हुने सम्भावना हुन्छ । त्यसैले सुत्केरी भएलगत्तै शारीरिक सम्बन्ध बनाउनु हुँदैन ।


गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार

**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।

कालिकामाई गाँउपालिकाको कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।

फेटा गाँउपालिकाको कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।

परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।

**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।

**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# भ्रष्ट नेतालाई हटाए बिना मुलुक स्थिर हुँदैन : प्रभु साह

*काठमाडौं,०४ असोज ।*

आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले मुलुकको बिग्रिएको व्यवस्था सुधार गर्न भ्रष्ट नेतालाई हटाउनुपर्नेमा जोड दिएका छन् । शनिबार काठमाडौंमा आयोजित आजपाको केन्द्रीय कमिटी बैठकमा बोल्दै उनले हालको प्रणाली भ्रष्ट र असफल भएको भन्दै सरकारमात्रै होइन, आवश्यकता परे संविधान र व्यवस्था समेत परिमार्जन गर्नुपर्ने बताए । साहले भने, "बिग्रिएको व्यवस्था भत्काउँदै भ्रष्ट नेतालाई हटाए बिना मुलुक बन्दैन । भ्रष्टाचार, कुशासन र अनियमितताका कारण राष्ट्रियता, लोकतन्त्र र अर्थतन्त्र धरासायी भएका छन् ।" उनले दुई वर्षअघि आजपाले तेस्रो जनआन्दोलनको



घोषणा गरेको स्मरण गर्दै, हालको जेन-जी पुस्ताले जनविद्रोह गर्नु सकारात्मक रहेको पनि उल्लेख गरे । उनले संसद, सर्वोच्च अदालत र सिंहदरबारमा षड्यन्त्रपूर्ण आक्रमण भइरहेको आरोप लगाउँदै उच्चस्तरीय छानबिनको माग गरे । त्यस्तै, परराष्ट्र र रक्षा मन्त्रालयको नेतृत्वविहीनतालाई प्रश्न गर्दै सुरक्षा निकाय र नेतृत्वहरूको भूमिकाको समीक्षा गर्नुपर्ने आवश्यकता औंल्याए ।

# मधेश प्रदेश सरकारका कार्यालय दशैंपछि पूर्ण रुपमा सञ्चालन हुने: मुख्यमन्त्री सिंह

*जनकपु,०४ असोज ।*

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सतिशकुमार सिंहले जेनजी प्रदर्शनका क्रममा क्षतिग्रस्त भएका कार्यालयहरू बडादशैंपछि पूर्ण रूपमा सेवा प्रवाहमा फर्किने बताएका छन् । मुख्यमन्त्री सिंहले पत्रकारहरूसँग संक्षिप्त कुराकानी गर्दै भने, "जेनजी आन्दोलनका क्रममा भौतिक संरचनामा व्यापक क्षति पुगेको छ । मर्मत र सुधारका लागि केही दिन समय लाग्नेछ । सुरक्षामा क्रमिक सुधार भइसकेकोले कर्मचारीहरूले कार्यालयमा काम सुरु गरिसकेका छन्, तर पूर्ण कार्य वातावरण बनाउन अझ केही समय लाग्नेछ ।" प्रदेशसभा भवनसहित



विभिन्न मन्त्रालय र सरकारी कार्यालयमा तोडफोड, आगजनी र सवारीसाधन क्षति पुगेको थियो । यसका लागि पाँच सदस्यीय समिति गठन गरी क्षतिको मूल्यांकन भइरहेको छ । प्रदर्शनको क्रममा सुरक्षा अभावका कारण कार्यालयका सामान पनि लुटपाट भएका थिए ।

# दशैं नजिकिँदै आन्तरिक हवाई भाडा अस्वाभाविक रूपमा बढ्यो

*काठमाडौं,०४ असोज ।*

महान चाड बडादशैं नजिकिँदै जाँदा आन्तरिक हवाई मार्गका टिकट मूल्य अस्वाभाविक रूपमा वृद्धि भएको छ । वायुसेवा प्रदायक कम्पनीहरूले न्यूनतम भाडा दरमा टिकट बिक्री बन्द गरी अधिकतम मूल्यमा मात्रै टिकट बिक्री गर्न थालेपछि यात्रुहरू चर्को मारमा परेका छन् । आन्तरिक उडानमा चढ्ने यात्रुको संख्या दशैं अवधिमा ह्वात्तै बढ्ने हुँदा हवाई कम्पनीहरूले भाडा दर उचाल्ने परिपाटी कायम राख्दै आएका छन् । यस वर्ष पनि सोही परिपाटी दोहोरिँदा विशेष गरी बिरामी, वृद्धवृद्धा तथा अत्यावश्यक कामका लागि यात्रा गर्नुपर्ने सर्वसाधारणले ठूलो आर्थिक बोझ बेहोर्नु परेको गुनासो बढेको छ । धनगढी गन्तव्यतर्फको भाडा दर सर्वाधिक बढेको देखिन्छ । शुक्रबारका लागि धनगढी उडान नै नहुँदा यात्रु थप मर्कामा परेका छन् ।



भोलि र पर्सी (आइतबार र सोमबार) का लागि भने १६ हजार रुपैयाँभन्दा कममा टिकट उपलब्ध छैै। मंगलबार न्यूनतम १२ हजार रुपैयाँमा टिकट देखिएको छ । यता, फर्किने क्रममा भने भाडा तुलनात्मक रूपमा सस्तो छ । शनिबार धनगढीबाट काठमाडौं फर्कन ६ हजार ९०० रुपैयाँमै टिकट उपलब्ध छ । धनगढी मात्र नभई सुर्खेत, भद्रपुर र नेपालगञ्जतर्फका उडानमा पनि भाडा दर उल्लेख्य रूपमा बढेको छ। सामान्य अवस्थामा साढे ७ हजार रुपैयाँमा पुगिने सुर्खेत अहिले १० हजार रुपैयाँभन्दा कममा जान सकिँदैन । काठमाडौं-भद्रपुर रुटको भाडा ७ हजार रुपैयाँ नाघेको छ, यद्यपि भद्रपुर-काठमाडौं फर्किन ५ हजार ७०० रुपैयाँमै सम्भव छ । काठमाडौं-नेपालगञ्ज रुटमा पनि दुईदेखि तीन हजार रुपैयाँले भाडा बढेको छ । नेपालगञ्ज जान ८ हजार ३०० रुपैयाँसम्म तिर्नुपरेको छ भने फर्कन ५ हजार ४०० रुपैयाँमै टिकट पाइन्छ ।

# बीरगन्ज महानगरको संशोधित बजेट : पुन:निर्माणमा ३० करोड विनियोजन

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,०४ असोज ।*

बीरगन्ज महानगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ को बजेट संशोधन गर्दै नगर पुन:निर्माणलाई प्राथमिकता दिएको छ । शनिबार सम्पन्न विशेष नगरसभाले करिब ३० करोड रुपैयाँ पुन:निर्माणमा खर्च गर्ने प्रस्ताव सर्वसम्मत पारित गरेको हो । गत भदौ २४ गतेको जेनजी आन्दोलनका क्रममा महानगर कार्यालयसहित धेरै संरचना पूर्ण रूपमा क्षतिग्रस्त भएका थिए । आगजनी र तोडफोडले भौतिक सम्पत्ति नष्ट भएपछि सेवा प्रवाहमा अवरोध सिर्जना भएकाले तत्काल पुन:निर्माण आवश्यक ठहर गरिएको हो । संशोधित बजेटअनुसार प्रशासनिक भवन निर्माण, सवारीसाधन र उपकरण खरिद, कार्यालय सामग्री व्यवस्थापन, मर्मतसम्भार र अन्य पूर्वाधार पुन:स्थापनामा

बाँकी तेश्रो पृष्ठमा

# एसपी गौतम मिश्रको बिदाइ



**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,०४ असोज ।*


पर्सा जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख प्रहरी उपरीक्षक (एसपी) गौतम मिश्रको सरुवापछि ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्र आदर्शनगरले विशेष कार्यक्रम आयोजना गरी बिदाई गरेको छ । कार्यक्रममा

बाँकी तेश्रो पृष्ठमा

# अब देश चुनावमा जानुको विकल्प छैन : डा. शेखर कोइराला

*काठमाडौं,०४ असोज ।*

नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले देशलाई वर्तमान राजनीतिक गतिरोधबाट निकास दिनको लागि अब आमनिर्वाचनमा जानु नै उचित विकल्प भएको बताएका छन् । शुक्रबार विराटनगरस्थित कोइराला निवासमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै नेता कोइरालाले भने, "राष्ट्रपतिले संविधानलाई थोरै क्षति गरेर भए पनि देशलाई निकास दिनुभएको छ । अब चुनावमा जानुको विकल्प छैन ।" उनले नेपाली कांग्रेसका सम्पूर्ण कार्यकर्तालाई चुनावको तयारीमा लाग्न आह्वान गरेका छन् । डा. कोइरालाले कोइराला



निवासले विगतमा लोकतन्त्र र गणतन्त्र स्थापनाका लागि खेलेको भूमिकाको स्मरण गर्दै भने, "कोइराला निवास जलेर पनि लोकतान्त्रिक पद्धति बसाल्न गरेको योगदान सदैव स्मरणीय रहनेछ । अब फेरि यहींबाट लोकतन्त्रको पक्षमा संघर्ष अगाडि बढ्छ ।" उनले कांग्रेस पार्टी अब कसरी अगाडि बढ्ने भन्नेबारे पार्टीभित्र आवश्यक निर्णय लिने स्पष्ट पारे । डा. कोइरालाले पार्टीभित्रको एकता र स्पष्ट रणनीति आवश्यक रहेको उल्लेख गर्दै कांग्रेसले आमनिर्वाचनलाई लक्षित गर्दै स्पष्ट कार्यदिशा तय गर्नुपर्नेमा जोड दिए ।

# जेन(जी) पुस्ताको मागलाई सम्बोधन गर्न काँग्रेस गम्भीर : नेता रिजाल

**नेपाल पोष्ट संवदाता**
*बीरगन्ज,०४ असोज ।*

नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री रमेश रिजालले जेन(जी) पुस्ताको माग र सहभागितालाई सम्बोधन गर्ने प्रतिबद्धता जनाएका छन् । पार्टी मुख्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुरा गर्दै रिजालले हालैको आन्दोलनका क्रममा पार्टी संरचनामा भएको क्षतिप्रति खेद प्रकट गरे । उनले भने, "पार्टीमाथि भएको आक्रमण निन्दनीय छ, तर जेन(जी) पुस्ताको मागलाई सम्बोधन गर्न हामी गम्भीर छौं ।" भदौ २३ र २४ गतेको आन्दोलनमा काँग्रेसको केन्द्रीय कार्यालयदेखि धेरै जिल्ला र प्रदेश कार्यालयहरू क्षतिग्रस्त भएका थिए । यस घटनापछि पार्टीभित्र नेतृत्व हस्तान्तरण र संरचनागत सुधारबारे बहस तीव्र बनेको छ ।


जापानिज इन्सेफलाइटिस् रोगबाट बच्ने उपायहरू



- लामखुट्टेको टोकाईबाट बच्नु नै यस रोगबाट बच्ने प्रमुख उपाय हो।
- हाँस, कुखुरा, सुँगर–बँगुर, घोडा जस्ता घरपालुवा चरा–चुरुङ्गी तथा जनावरहरूलाई व्यवस्थित ढंगले घरदेखि टाढा खोरमा राखेर सुरक्षित तरिकाले पाल्ने गरौं ।
- घर बाहिर निस्कदा, खेत बारीमा काम गर्दा पूरा बाहुला भएको लुगा लगाऔं ।
- घरको झ्याल, ढोकामा जाली राख्ने, पानी जम्ने ठाउँमा लामखुट्टे बृद्धि हुने भएकोले घर वरीपरि पानी जम्ने खाल्डाखुल्डी पूरी दिने गरौं ।
- लामखुट्टे भगाउने धूप वा मलम प्रयोग गरौं ।
- सधैं झुल भित्र मात्रै सुत्ने गरौं ।

याद गर्नुहोस्, यो रोगबाट बच्नको लागि १२ महिनाको उमेरमा जे.ई. खोप लगाउनुपर्छ । यदि यो खोप लिन छुटेको छ भने ५ वर्षको उमेरसम्म पनि जे.ई. खोप लगाउन सकिन्छ ।

थप जानकारीको लागि निःशुल्क हटलाइन नं. ११९५ मा फोन गर्नुहोस् ।

जगरनाथपुर गाँउपालिकाको कार्यालय
जगरनाथपुर, पर्सा

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा